काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २८६ ❐ मंगलवार, १२ साउन, २०८३ ❐ Tuesday, 28 July 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

कर्णालीको बजेट:

विनियोजन धेरै, खर्च सधैं कमजोर

❐ **चाँदनी कठायत**
सुर्खेत, ११ साउन

प्रदेश सरकार गठन भएको नौ वर्ष पुग्न लाग्दा पनि कर्णाली प्रदेश सरकारले बजेट कार्यान्वयनमा उल्लेखनीय सुधार ल्याउन सकेको छैन । प्रदेश सरकार गठनपछिको पहिलो आर्थिक वर्ष २०७४/७५ अन्तिम चार महिनाका लागि मात्रै बजेट ल्याइएकाले त्यसलाई अपवाद मान्ने हो भने त्यसयताका आठ आर्थिक वर्षमध्ये कुनै पनि वर्ष सरकारले बजेटको दुईतिहाइ खर्च गर्न सकेको छैन ।

आर्थिक वर्ष २०७७/७८ मा मात्रै हालसम्मकै उच्च ६५.५२ प्रतिशत बजेट खर्च गरेको प्रदेश सरकारले त्यसपछि पनि खर्च क्षमता सुधार्न सकेको छैन । चालु आर्थिक वर्ष २०८२/८३ मा ३३ अर्ब १९ करोड ३६ लाख ५५ हजार रुपैयाँ बजेटमध्ये २० अर्ब ५७ करोड १२ लाख रुपैयाँ अर्थात् ६१.९७ प्रतिशत मात्रै खर्च गर्दै सरकारले पछिल्ला पाँच वर्षयताकै कमजोर बजेट कार्यान्वयन गरेको छ। चालु वर्षमा मात्रै १२ अर्ब ६२ करोड २४ लाख रुपैयाँ बजेट खर्च हुन नसकी प्रदेश सञ्चित कोषमा फिर्ता गएको छ ।

प्रदेश लेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार प्रदेश सरकारले आर्थिक वर्ष २०७४/७५ मा एक अर्ब दुई करोड पाँच लाख रुपैयाँ बजेट ल्याएकोमा सात करोड ५७ लाख रुपैयाँ मात्रै खर्च गरेको थियो ।

प्रदेश संरचना निर्माणकै क्रममा अन्तिम चार महिनाका लागि ल्याइएको बजेट भएकाले उक्त वर्षको खर्च स्वाभाविक रूपमा न्यून रह्यो । त्यसपछिको आर्थिक वर्ष २०७५/७६ मा २९ अर्ब २५ करोड २८ लाख रुपैयाँ बजेटमध्ये १० अर्ब ६० करोड ६५ लाख रुपैयाँ खर्च हुँदा खर्च ३६.२७ प्रतिशतमा सीमित भयो। आर्थिक वर्ष २०७६/७७ मा ३४ अर्ब ३५ करोड ३४ लाख रुपैयाँ बजेटमध्ये १६ अर्ब ३६ करोड रुपैयाँ खर्च गर्दै ४७.६२ प्रतिशत कार्यान्वयन भयो ।

आर्थिक वर्ष २०७७/७८ मा भने प्रदेश सरकारले हालसम्मकै उच्च ६५.५२ प्रतिशत बजेट खर्च गर्न सफल भएको थियो । ३३ अर्ब ७४ करोड १३ लाख रुपैयाँ बजेटमध्ये २२ अर्ब १० करोड ८८ लाख रुपैयाँ खर्च भएको थियो । त्यसपछिका वर्षमा भने खर्च क्षमता फेरि ओरालो लाग्यो। आर्थिक वर्ष २०७८/७९ मा ६२.३६ प्रतिशत, २०७९/८० मा ६४.५४ प्रतिशत, २०८०/८१ मा ६०.३४ प्रतिशत, २०८१/८२ मा ६४.८२ प्रतिशत र चालु आर्थिक वर्षमा ६१.९७ प्रतिशत बजेट मात्रै खर्च भएको छ ।

गत आर्थिक वर्षमा पनि विकास बजेट प्रभावकारी रूपमा खर्च हुन सकेन । चालुतर्फ १२ अर्ब ५९ करोड रुपैयाँ बजेटमध्ये नौ अर्ब २५ करोड रुपैयाँ अर्थात् ७३.४८ प्रतिशत खर्च भएको छ । विकाससँग प्रत्यक्ष जोडिएको पुँजीगततर्फ १९ अर्ब ९८ करोड रुपैयाँ बजेटमध्ये ११ अर्ब १३ करोड रुपैयाँ मात्रै खर्च हुँदा खर्च ५५.७४ प्रतिशतमा सीमित रह्यो । वित्तीय व्यवस्थातर्फ ६१ करोड ५० लाख रुपैयाँमध्ये १७ करोड ७५ लाख रुपैयाँ अर्थात् २८.८६ प्रतिशत मात्रै खर्च भएको छ ।

मन्त्रालयगत रुपमा आन्तरिक मामिला तथा कानुन मन्त्रालयले सबैभन्दा बढी ९३.६७ प्रतिशत बाँकी पृष्ठ २



प्रदेश सरकार गठन भएयता ल्याईएका बजेट र खर्चको अवस्था

आर्थिक वर्ष	कुल बजेट	कुल खर्च	खर्च (प्रतिशत)
२०७४/०७५	१ अर्ब २ करोड ५ लाख	७ करोड ५७ लाख	७.४२ प्रतिशत
२०७५/०७६	२९ अर्ब २५ करोड २८ लाख	१० अर्ब ६० करोड ६५ लाख	३६.२७ प्रतिशत
२०७६/०७७	३४ अर्ब ३५ करोड ३४ लाख	१६ अर्ब ३६ करोड	४७.६३ प्रतिशत
२०७७/०७८	३३ अर्ब ७४ करोड १३ लाख	२२ अर्ब १० करोड ८८ लाख	६५.५२ प्रतिशत
२०७८/०७९	३६ अर्ब ५४ करोड ६६ लाख	२३ अर्ब ९९ करोड ७० लाख	६२.३७ प्रतिशत
२०७९/०८०	३२ अर्ब ७७ करोड १९ लाख	२२ अर्ब ३८ करोड २४ लाख	६४.५४ प्रतिशत
२०८०/०८१	३३ अर्ब ४१ करोड ५८ लाख	२० अर्ब १५ करोड ३९ लाख	६०.३४ प्रतिशत
२०८१/०८२	३१ अर्ब ४१ करोड	२० अर्ब ३५ करोड ५५ लाख	६४.८२ प्रतिशत
२०८२/०८३	३३ अर्ब १९ करोड ३६ लाख	२० अर्ब ५७ करोड १२ लाख	६१.९७ प्रतिशत

स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश

सुनसरी घटना : शान्ति र सद्भाव फर्काउने प्रयास तीव्र

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, ११ साउन

सुनसरीको देवानगन्ज र कप्तानगन्ज क्षेत्रमा आइतबार राति सुरु भएको दुई समुदायबिचको विवादले उग्र रूप लिँदा सोमबार दिनभर नै जिल्लाको जनजीवन त्रसित र तनावपूर्ण बन्यो । प्रहरीको गोली लागेर ओमप्रकाश मेहताको मृत्यु भएपछि आक्रोशित प्रदर्शनकारीले दिनभर विभिन्न स्थानमा तोडफोड, आगजनी र भौतिक आक्रमण गरे । स्थिति नियन्त्रण बाहिर जान थालेपछि प्रशासनले कर्फ्यु जारी गर्दै नेपाली सेना परिचालन गऱ्यो भने गृह मन्त्रालयले स्थानीय प्रशासन र सुरक्षा निकायका प्रमुखहरूलाई जिम्मेवारीबाट हटाउँदै छानबिन समिति गठन गरेको छ ।

साउनको सोमबारका लागि बोलबम यात्रामा निस्कने तयारीमा रहेको एक समूहले डीजे बजाएको र धार्मिक झण्डा राख्ने विषयलाई लिएर आइतबार राति करिब ९ बजेतिर देवानगन्ज-३ कप्तानगन्जमा दुई पक्षबिच विवाद सुरु भएको थियो । बिजुलीको पोलमा एउटा समुदायको झण्डा हटाएर अर्को पक्षले आफ्नो झण्डा राखेको विषयले विवादको बिउ रोपेको थियो । सामान्य भनाभनबाट सुरु भएको झडपले केहीबेरमै हिंसात्मक रूप लियो । दुवै पक्षबाट लाठी, ढुङ्गा र भाला प्रहार हुन थालेपछि स्थिति नियन्त्रणमा लिन प्रहरीले अश्रुग्यास र हवाई फायर गरेको थियो । सोही क्रममा गोली लागेर देवानगन्ज-४ का २५ वर्षीय ओमप्रकाश मेहताको मृत्यु भयो । घटनामा ९ जना सर्वसाधारण र १३ जना सुरक्षाकर्मी गरी २२ जना घाइते भए । जसमध्ये धेरैको शरीरमा गोलीको चोट छ ।आइतबारको घटनापछि सोमबार बिहानैदेखि प्रदर्शनकारीहरू सडकमा उत्रिए ।

बाटोमै सुत्केरी, घरमै पुगेर आमा र शिशुको स्वास्थ्य परीक्षण

❐ **काँक्रेविहार संवाददाता**
बाजुरा, ११ साउन

बाजुरा गौमुल गाउँपालिका-५, कोटकी २० वर्षीया कमला बुढालाई सुत्केरी व्यथा लागेपछि आफन्तले स्टेचरमा राखेर स्वास्थ्य चौकीतर्फ दौडाए ।

लगातारको वर्षा र असहज बाटोका कारण नक्राडा आधारभूत स्वास्थ्य केन्द्र पुग्न अझै ४० मिनेट जति लाग्ने अवस्था थियो । घरबाट हिँडेको करिब आधा घण्टामै कमलालाई व्यथाले च्याप्यो । बोकेर अगाडि लै जान सम्भव भएन ।

आफन्तले कमलालाई स्टेचरमै राखेर स्वास्थ्यकर्मी बोलाउन गए । बिहान ५:२० बजे नक्राडा आधारभूत



स्वास्थ्य केन्द्रकी अनमी हिमा नेपालीलाई खबर गरे । खबर पाउने बित्तिकै हिमा आवश्यक सुत्केरी सामग्री बोकेर घटनास्थल पुगिन् ।

'म पुग्दा आमाको अवस्था गम्भीर थियो । एकातिर लगातार वर्षा भइरहेको थियो, अर्कातिर अत्यधिक रक्तस्राव हुने जोखिम थियो,' अनमी हिमाले भनिन्, 'तर बाटो मै स्टेचरमा राखेर सुरक्षित सुत्केरी गराउन सफल भयौं ।' कमलाले आफ्नो पहिलो सन्तानका रूपमा छोरीलाई बाटोमै जन्म दिइन् ।

हिमाले सकुशल सुत्केरी गराएर आमा र नवजात शिशु दुवैको ज्यान बचाइन् । उनीहरूलाई स्वास्थ्य चौकीमा लगेर २४ घण्टासम्म स्वास्थ्य निगरानीमा राखिएको थियो । आमा र शिशुको स्वास्थ्य अवस्था सामान्य भएपछि घर पठाइएको स्वास्थ्यकर्मीले बताए ।

आमा र शिशुलाई घर पठाएपछि पनि अनमी हिमा नियमित रूपमा उनीहरूको घरमै पुगेर स्वास्थ्य परीक्षण गरिरहेकी छिन् । स्वास्थ्य चौकीबाट कोट गाउँ पुग्न एक घण्टा बढी समय लाग्छ । वर्षायाममा बाटो हिलाम्मे हुने, ठाउँ-ठाउँमा पहिरो जाने र खोलानाला बढ्ने भएकाले सुत्केरी आमा र नवजात शिशुलाई स्वास्थ्य चौकीसम्म आउन कठिन हुने गरेको छ ।

डिजिटल प्रणालीमार्फत १७३ कर्मचारीको सरुवा

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, ११ साउन

सरकारद्वारा जारी गरिएको अनलाइन कर्मचारी सरुवा व्यवस्थापन प्रणालीमार्फत हालसम्म एक हजार ८६० वटा निवेदन परेका छन् भने १७३ जनाको सरुवा भएको छ ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सञ्चालनमा ल्याएको उक्त अनलाइन प्रणालीमा आएका निवेदनमध्ये प्रक्रिया नपुगेका २८ वटा निवेदन फिर्ता गरिएको छ । मन्त्रालयका कर्मचारी प्रशासन महाशाखाका प्रमुख एवं सहसचिव धोलकराज ढकालका अनुसार हाल रिक्त रहेका पदमा सरुवालाई प्राथमिकता दिइएको हो ।

भूमी व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य



प्रशासनमन्त्री प्रतिभा रावलले डिजिटल, पारदर्शी र सुरक्षित सरुवा प्रणाली कार्यान्वयनमा ल्याइएको बताउँदै कर्मचारीलाई अनलाइनमार्फत सरुवा निवेदन पेस गर्न आग्रह गरे। घरबाटै आवेदन दिन र निवेदनको अवस्था अनलाइनमार्फत लिन सकिने भएकाले कर्मचारीलाई मन्त्रालय धाउनुपर्ने बाध्यता हटेको उनको भनाइ छ ।

मन्त्रालयले गत असार १६ गतेदेखि अनलाइन प्रणालीमार्फत सरुवा आवेदन लिनका लागि सूचना जारी गरेको थियो । निजामती कर्मचारीले आफ्नो कर्मचारी सङ्केत नम्बर प्रयोग गरी व्यक्तिगत खाता खोलेर आफू जान चाहेको कार्यालयका लागि अनलाइनबाट निवेदन दिन सक्ने व्यवस्था गरिएको छ ।

नियमित सरुवाको अवधि भदौ १ देखि ३० गतेसम्म रहेकाले हाल विशेष आवश्यकता परेको अवस्थामा मात्रै सरुवा गरिएको मन्त्रालयले जनाएको छ । भदौ महिनामा भने अवधि पुगेका कर्मचारीलाई नियमित सरुवा तालिकाअनुसार व्यवस्थापन गरिनेछ ।

प्रशासन महाशाखाका प्रमुख ढकालले विगतमा सरुवा माग गर्न दुर्गम क्षेत्रबाट मन्त्रालयसम्म आउनुपर्ने बाध्यता रहेको स्मरण गर्दै अब सबै प्रक्रिया अनलाइनबाट हुने भएकाले 'अफलाइन' वा हातले बुझाइने निवेदन दर्ता गर्ने व्यवस्था नरहेको बताए। यसले कर्मचारीलाई सहजता प्रदान गर्नुका साथै सरुवा प्रक्रियालाई व्यवस्थित, पारदर्शी र अनियमिततारहित बनाउन बाँकी पृष्ठ २

काँक्रेविहार राष्ट्रिय दैनिक

दृष्टिकोण

मंगलवार, १२ साउन, २०८३
Tuesday, 28 July 2026

सम्पादकीय

विपद् व्यवस्थापनमा ध्यान देऊ

मनसुन सुरू भएसँगै कर्णालीमा बाढी, पहिरो र सडक अवरोधका घटना फेरी दोहोरिन थालेका छन् । वर्षा प्राकृतिक प्रक्रिया भए पनि त्यसबाट हुने क्षति र जनधनको जोखिम भने हाम्रो पूर्वतयारीको कमजोरीको परिणाम हो । शनिबार रातीमात्रै मुगुको छायाँनाथ रारा नगरपालिका-८ स्थित झ्यारी खोलामा खसेको ठूलो पहिरोका कारण नाग्म-गमगढी सडकखण्ड पूर्ण रूपमा अवरूद्ध हुनु त्यसैको पछिल्लो उदाहरण हो । कर्णाली प्रदेशको जीवनरेखा मानिने कर्णाली राजमार्ग अवरूद्ध हुँदा त्यसको असर केवल यातायातमा सीमित रहँदैन । मुगु सदरमुकाम गमगढीसम्म पुग्ने सम्पूर्ण सवारीसाधन रोकिएका छन् । खाद्यान्न, इन्धन, औषधिलगायत अत्यावश्यक सामग्रीको आपूर्ति प्रभावित भएको छ । रारा ताल पुग्न हिँडेका आन्तरिक तथा विदेशी पर्यटक बीच बाटोमै अलपत्र परेका छन् । पर्यटन प्रवर्द्धनको कुरा गर्ने तर पहुँचमार्गको दिगोपन सुनिश्चित गर्न नसक्ने अवस्था आफैंमा विडम्बना हो ।

सम्बन्धित निकायले प्रहरी, स्थानीयवासी, होटल व्यवसायी र हेभी इक्विपमेन्ट परिचालन गरेर सडक खुलाउने प्रयास गरिरहेका छन् । मौसमले साथ दिएमा केही दिनभित्र एकतर्फी यातायात सञ्चालन गर्ने लक्ष्य राखिएको छ । तर प्रश्न सडक खुलाउने तत्कालीन प्रयासभन्दा पनि प्रत्येक वर्ष दोहोरिने यस्ता समस्या किन स्थायी रूपमा समाधान हुन सकेनन् भन्ने हो । हरेक वर्ष मनसुनसँगै उही समस्या दोहोरिनु राज्यको योजना, पूर्वाधार निर्माण र जोखिम व्यवस्थापनमा रहेको कमजोरीको संकेत हो । यता कालीकोटको नरहरिनाथ गाउँपालिकामा वर्षाका कारण मुख्य सडक हिलाम्मे र जीर्ण बनेको छ । सडकमा गहिरा खाल्डाखुल्डी, पानी जम्ने अवस्था र कमजोर निकास प्रणालीका कारण बिरामी, विद्यार्थी, कर्मचारी तथा सर्वसाधारणले दैनिक सास्ती भोगिरहेका छन् । एम्बुलेन्सदेखि मालवाहक सवारीसम्म सहज रूपमा सञ्चालन हुन नसक्दा जनजीवन नै प्रभावित भएको छ ।

कर्णालीको भूगोल चुनौतीपूर्ण अवश्य छ, तर चुनौतीलाई कारण बनाएर वर्षेनी उही समस्या दोहोरिन दिनु समाधान होइन । सडक निर्माण गर्दा भूगर्भीय अध्ययन, प्रभावकारी पानी निकास, पहिरो नियन्त्रण, ढल व्यवस्थापन, जैविक तथा संरचनागत भू-संरक्षणजस्ता उपायलाई प्राथमिकता दिनुपर्छ । जोखिमयुक्त स्थानको पहिचान गरी समयमै मर्मत, निगरानी र आवश्यक उपकरणको पूर्वव्यवस्था गर्न सके धेरै क्षति न्यूनीकरण गर्न सकिन्छ । कर्णालीको विकासका लागि सडक पूर्वाधार सबैभन्दा महत्वपूर्ण आधार हो । सडक अवरूद्ध हुँदा अर्थतन्त्र, पर्यटन, शिक्षा, स्वास्थ्य र जनजीवन सबै प्रभावित हुन्छन् । त्यसैले सडकलाई केवल निर्माण गर्ने होइन, सुरक्षित, दिगो र नियमित सञ्चालनयोग्य बनाउने नीति आवश्यक छ । मनसुनलाई दोष दिएर जिम्मेवारीबाट पन्छिनुभन्दा विपद् व्यवस्थापनलाई विकास योजनाको अभिन्न हिस्सा बनाउनु आजको आवश्यकता हो । त्यसैले अब सम्बन्धित तीनै तहका सरकारले अल्पकालीन मर्मतमा मात्र सीमित नभई दीर्घकालीन समाधानमा ध्यान दिनुपर्छ ।

राज्यले नागरिकको विश्वास कसरी जित्ने ?



✍ लोकनाथ घिमिरे

नेपालको राजनीतिक इतिहासमा जनआन्दोलन वा व्यापक नागरिक आन्दोलनपछि गठन भएका सरकारप्रति जनताको अपेक्षा सधैँ उच्च रहने गरेको छ । यस्ता आन्दोलनले केवल सरकार परिवर्तन मात्र होइन, शासनशैली, राजनीतिक संस्कार र राज्य सञ्चालनको चरित्रमा गुणात्मक परिवर्तन आउने विश्वास पनि जन्माउँछ ।

जेन जी आन्दोलनपछि बनेको बालेन सरकारसँग पनि नागरिकको अपेक्षा यही थियो । जनताले नयाँ अनुहारभन्दा बढी नयाँ कार्यशैली, सुशासन, विधिको शासन, पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्व र प्रभावकारी सार्वजनिक सेवाको अपेक्षा गरेका थिए नागरिकका अपेक्षा अस्वाभाविक थिएनन् । आम नागरिकले संविधान र कानुनको निष्पक्ष कार्यान्वयन, भ्रष्टाचारमाथि प्रभावकारी नियन्त्रण, सरल र सहज सेवा प्रवाह, मानव अधिकारको सम्मान, महँगी नियन्त्रण, रोजगारी सिर्जना, गुणस्तरीय स्वास्थ्य तथा शिक्षामा पहुँच र किसानका उत्पादनको उचित मूल्य तथा वजार व्यवस्थापन जस्ता आधारभूत विषयमा सुधार खोजेका थिए । त्यसैले सरकारको पहिलो एक सय दिनको मूल्याङ्कन सरकारी उपलब्धिको सूचीबाट मात्र होइन, नागरिकको अनुभूति र व्यवहारिक परिणामका आधारमा हुनुपर्छ । लोकतन्त्रमा सरकार शक्तिशाली संस्था भए पनि त्यो शक्ति संविधान, कानुन र नागरिक अधिकारको सीमाभित्र प्रयोग हुनुपर्छ । सरकारमाथि प्रश्न उठाउनु, सार्वजनिक निर्णयको समीक्षा र उत्तरदायित्वको माग गर्नु लोकतान्त्रिक संस्कृतिको स्वभाविक अभ्यास हो । आलोचनाले सरकार कमजोर बनाउँदैन, आलोचना स्वीकार गर्न नसक्ने प्रवृत्तिले सरकारलाई कमजोर बनाउँछ ।

सरकारले पहिलो सय दिनमा भ्रष्टाचार नियन्त्रण, प्रशासनिक सुधार, सार्वजनिक सेवा प्रवाह र सुशासनलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता व्यक्त गऱ्यो । केही क्षेत्रमा प्रशासनिक सक्रियता देखियो र परिवर्तनको सन्देश दिने प्रारम्भिक प्रयास पनि भए । तर यही अवधिमा कानुनी कारबाही, सार्वजनिक नियुक्ति, अध्यादेशको प्रयोग, संवैधानिक निकायसँगको सम्बन्ध तथा प्रशासनिक निर्णयलाई लिएर अनेक विवाद उत्पन्न भए ।

पूर्वप्रधानमन्त्री, पूर्वमन्त्री, व्यवसायी तथा अन्य प्रभावशाली व्यक्तिमाथि अनुसन्धान र कारबाहीका प्रक्रिया अघि बढे । प्रभावशाली व्यक्तिलाई पनि कानुनको दायरामा ल्याउने प्रयास लोकतान्त्रिक शासनका लागि सकारात्मक मानिए पनि विधि, पद्धति, प्रक्रिया, प्रमाण र निष्पक्षताबारे गम्भीर प्रश्न उठे । केही मुद्दामा अदालतबाट सफाइ वा रोक आदेश जारी भएपछि अनुसन्धानको गुणस्तर, कानुनी तयारी र राज्यका निकायको विश्वसनीयतामाथि बहस चर्कियो । त्यसैगरी, अध्यादेशको प्रयोग, ठूलो संख्यामा राजनीतिक नियुक्ति खारेज, संवैधानिक तथा प्रशासनिक नियुक्तिमा वरिष्ठता र पारदर्शितासम्बन्धी विवाद तथा संवैधानिक निकायहरूको स्वतन्त्रता र स्वायत्ततामाथि उठेका प्रश्नले सरकारको संस्थागत प्रतिबद्धताको परीक्षण गऱ्यो ।

लोकतान्त्रिक शासनमा उद्देश्यभन्दा प्रक्रिया पनि उत्तिकै महत्वपूर्ण हुने भएकाले यस्ता विषय सार्वजनिक बहसका केन्द्र बन्नु स्वाभाविक हो । यसै अवधिमा सार्वजनिक जग्गा तथा नदीकिनारका अव्यवस्थित सुकुम्बासी बस्ती हटाउने क्रममा विस्थापित परिवारको पुनर्स्थापना, मानव अधिकारको संरक्षण तथा संवेदनशील, सीमान्तकृत समुदायप्रतिको राज्यको दायित्वबारे पनि गम्भीर प्रश्न उठे । कानुन कार्यान्वयनसँगै मानवीय संवेदनशीलता र पुनर्स्थापनाको दायित्व पनि राज्यले समान रूपमा निर्वाह गर्नुपर्ने अपेक्षा नागरिकले गरेका छन् ।

जनअपेक्षा र विवादको परीक्षण

कुनै पनि नयाँ सरकारबाट पहिलो दिनमै सबै समस्या समाधान हुने अपेक्षा यथार्थपरक हुँदैन । विशेषतः आन्दोलनको पृष्ठभूमिबाट बनेको सरकारले प्रशासनिक संरचना, आर्थिक चुनौती, कानुनी जटिलता र कमजोर संस्थागत अवस्थाबीच काम सुरु गर्नुपर्छ । त्यसैले पहिलो सय दिनलाई अन्तिम परिणामभन्दा बढी सरकारको कार्यदिशा र राजनीतिक इच्छाशक्तिको सूचकका रूपमा हेर्नुपर्छ । यस अवधिमा सरकारले भ्रष्टाचार नियन्त्रण, प्रशासनिक सुधार, सार्वजनिक सेवा प्रवाहमा सुधार तथा सुशासनलाई शासनको केन्द्रमा राख्ने प्रतिबद्धता व्यक्त गऱ्यो ।

नियमित अनुगमन, निर्णय प्रक्रियामा तीव्रता र प्रशासनिक सक्रियताले प्रारम्भिक रूपमा सकारात्मक सन्देश दिए पनि लोकतान्त्रिक शासनमा घोषणा र उपलब्धिबीचको दूरी नै अन्तिम परीक्षणको आधार हुन्छ । सरकारी प्रतिवेदनले सफलता दाबी गरे पनि नागरिकले त्यसको प्रत्यक्ष अनुभूति गर्न सकेनन् भने ती दाबीको अर्थ सीमित रहन्छ ।

प्रभावशाली राजनीतिक व्यक्तिहरूमाथि अनुसन्धान र कारबाही अघि बढाइयो । कानुन सबैका लागि समान हुनुपर्छ भन्ने सन्देश लोकतान्त्रिक शासनका लागि सकारात्मक भए पनि केही मुद्दामा पर्याप्त प्रमाणको अभाव, अदालतबाट भएका आदेश तथा अनुसन्धान प्रक्रियामाथि उठेका प्रश्नले कानुनी निष्पक्षताबारे बहस बढायो । लोकतन्त्रमा कानुनको कठोरताभन्दा कानुनको सम्मान, निष्पक्ष र विश्वसनीय कार्यान्वयन बढी महत्वपूर्ण हुन्छ । अध्यादेशको प्रयोग, सार्वजनिक नियुक्ति, संवैधानिक निकायहरूसँगको सम्बन्ध तथा प्रशासनिक निर्णयहरू पनि विवादका विषय बने ।

संसद् सञ्चालन भइरहेका बेला अध्यादेश ल्याउने, ठूलो संख्यामा राजनीतिक नियुक्ति एकैपटक खारेज गर्ने तथा नियुक्तिमा पारदर्शिता, योग्यता र संस्थागत प्रक्रियासम्बन्धी प्रश्न उठ्दा सरकारको लोकतान्त्रिक प्रतिबद्धताको परीक्षण भयो । लोकतान्त्रिक शासनमा बहुमतले संविधान र विधिसम्मत प्रक्रियाको विकल्प बन्न सक्दैन ।

मानव अधिकारको दृष्टिले पनि सरकार आलोचनाबाट मुक्त रहन सकेन । अव्यवस्थित सुकुमवासी बस्ती हटाउने क्रममा पुनर्स्थापना, सम्मानजनक व्यवहार र संवेदनशील सीमान्तकृत समुदायको संरक्षणमा पर्याप्त ध्यान नदिएको आरोप लाग्यो । राज्यले सार्वजनिक सम्पति संरक्षण गर्न सक्ने भए पनि त्यस्तो कार्य संविधान, मानव अधिकार र मानवीय मर्यादासँग सन्तुलित हुनुपर्छ ।

यसैबीच, केही मन्त्री तथा उच्च पदाधिकारीमाथि उठेका प्रश्न र छानबिन प्रक्रियामा देखिएको असमान व्यवहारले सरकारमाथि चयनात्मक न्यायको आरोपसमेत लाग्यो । यदि कानुनको प्रयोग निष्पक्ष देखिएन भने राज्यप्रतिको नागरिक विश्वास कमजोर बन्छ । त्यसैले सुशासनको वास्तविक आधार कठोर कारबाही होइन, विश्वसनीय र समान न्याय प्रणाली हो । सरकारका समर्थकहरूले यी कदमलाई परिवर्तनको साहसी प्रयासका रूपमा व्याख्या गरे भने आलोचकहरूले शक्ति केन्द्रीकरणको प्रारम्भिक संकेतका रूपमा हेरे । तर लोकतान्त्रिक मूल्याङ्कन कुनै पक्षको समर्थन वा विरोधमा सीमित हुँदैन । प्रत्येक निर्णय संविधान, विधिको शासन, पारदर्शिता, जवाफदेहिता र नागरिक अधिकारको कसौटीमा परीक्षण हुनुपर्छ ।

निर्णय प्रक्रियाको परीक्षा

सरकारको प्रारम्भिक कार्यकालमा आर्थिक नीति निर्माण र निर्णय प्रक्रियाले पनि महत्वपूर्ण बहस जन्मायो । आर्थिक वर्ष २०८३-०८४ को बजेटमार्फत निजी शिक्षा, स्वास्थ्य सेवा तथा विद्युतलगायतमा क्षेत्रमा समता कर लगाउने निर्णय सार्वजनिक भएपछि त्यसको व्यापक विरोध भयो । अर्थमन्त्रीले लामो समयसम्म उक्त व्यवस्थाको सार्वजनिक रूपमा बचाउ गरे पनि निजी क्षेत्र, सेवा प्रदायक, नागरिक समाज तथा सरोकारवालाको तीव्र दबाबपछि प्रधानमन्त्रीले सामाजिक सञ्जालमार्फत ती करसम्बन्धी व्यवस्था फिर्ता लिइने घोषणा गरे ।

उक्त घोषणाले तत्काल जनसमर्थन त प्राप्त गऱ्यो, तर निर्णय प्रक्रियाको वैधानिकतामाथि गम्भीर प्रश्न उठाएको देखिन्छ । आर्थिक ऐनमार्फत लागू गरिएको कर सामाजिक सञ्जालमा गरिएको घोषणाबाट स्वतः खारेज हुँदैन । त्यसका लागि मन्त्रिपरिषद्को औपचारिक निर्णय, आवश्यक कानुनी प्रक्रिया तथा संसद्बाट स्वीकृत व्यवस्थामा आवश्यक संशोधन हुन जरुरी देखिन्छ । लोकतान्त्रिक शासनमा निर्णयको उद्देश्य जति महत्वपूर्ण हुन्छ, त्यसको संवैधानिक र कानुनी प्रक्रिया पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।

डिजिटल...

सहयोग पुग्ने उनले विश्वास व्यक्त गरे ।

प्रमुख ढकालका अनुसार नयाँ प्रणाली राष्ट्रिय किताब खानासँग जोडिएकाले सरुवा स्वीकृत हुने वित्तिकै कर्मचारीको विवरण स्वतः अद्यावधिक हुन्छ । "यसअघि कागजी प्रतिलिपि (हार्डकपी) मार्फत विवरण अद्यावधिक गर्नुपर्ने भएकाले बढुवा, सरुवा, अवकाश, राजीनामा वा मृत्युजस्ता विवरण समयमै अभिलेखमा नआउने समस्या थियो । अब यस्ता समस्या क्रमश कम हुँदै जानेछन्", उनले भने ।

सहसचिव ढकालका अनुसार कर्मचारीले दिएको निवेदन मन्त्रालयमा प्राप्त भएपछि सम्बन्धित कर्मचारी हाल कार्यरत कार्यालय, प्रस्तावित कार्यालयमा रिक्त दरबन्दी रहेको वा नरहेको तथा हालको कार्यालयमा पूरा गरेको सेवा अवधि जस्ता विषय रुजु गरिन्छ । स्थानीय तहमा सामान्यतया एक वर्ष र अन्य निकायमा दुई वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीको सरुवा गर्ने व्यवस्था रहेकाले अवधि नपुगेका निवेदन तत्काल फिर्ता पठाइने गरिएको उनले जानकारी दिए।

सरकारले सञ्चालनमा ल्याएको कर्मचारी सरुवा व्यवस्थापन प्रणालीमा घरबाटै सरुवा निवेदन पेस गर्ने, निवेदनको अनलाइन स्थितिबारे जानकारी लिने, समयमा वास्तविक स्थिति पत्ता लगाउने, कागजात व्यवस्थापन तथा स्वचालित सूचना प्राप्त गर्ने सुविधा उपलब्ध रहेको मन्त्रालयले जनाएको छ ।

विनियोजन...

बजेट खर्च गरेको छ । गत मंसिरदेखि उक्त मन्त्रालय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गाभिएको छ । सबैभन्दा ठूलो बजेट रहेको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले भने ११ अर्ब एक करोड २१ लाख रुपैयाँ बजेटमध्ये पाँच अर्ब ४१ करोड रुपैयाँ मात्रै खर्च गर्दै ४९.२० प्रतिशत प्रगति हासिल गरेको छ ।

मन्त्रालयले सात सय ४३ योजनामध्ये मुस्किलले करिब एक सय योजनाको मात्रै काम सम्पन्न गरेको जनाएको छ । जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयले तीन अर्ब ८३ करोड रुपैयाँ बजेटमध्ये दुई अर्ब ९१ करोड रुपैयाँ अर्थात् ७५.९८ प्रतिशत खर्च गरेको छ ।

प्रदेश सरकारका अनुसार बजेट कार्यान्वयन कमजोर हुनुका कारण भने वर्षेनि फेरिएका छन् । सुरुआती वर्षमा प्रदेश संरचना निर्माण, कर्मचारी व्यवस्थापन र संस्थागत आधार तयार पार्न समय लागेकाले खर्च कम भएको दाबी गरिएको थियो ।

आर्थिक वर्ष २०७६/७७ मा कोरोना महामारीलाई मुख्य कारण बनाइयो । त्यसपछि प्राविधिक कर्मचारी अभाव, स्रोत सुनिश्चितताम ढिलाइ, अख्तियारी ढिलो पुग्नु, ठेक्का प्रक्रियामा हुने अलमल, संघ र प्रदेशबीच समन्वयको कमी तथा निर्माण सामग्रीको अभावलाई कारण देखाइँदै आयो। चालु आर्थिक वर्षमा भने सरकारले जेनजी आन्दोलन, आन्दोलनपछि संघीय सरकारसँग लामो समय समन्वय हुन नसक्नु, सरकार परिवर्तनको चर्चा, बिटुमिनलगायत निर्माण सामग्रीको अभाव, इन्धनको मूल्यवृद्धि र प्रतिनिधिसभा निर्वाचनका कारण बजेट कार्यान्वयन प्रभावित भएको जनाएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार प्रदेशमा करिब दुई हजार नौ सय कर्मचारीको दरबन्दी रहे पनि झण्डै २८ प्रतिशत पद रिक्त छन् । प्राविधिकतर्फ मात्रै करिब ४० प्रतिशत कर्मचारी अभाव छ । प्रदेश लेखा नियन्त्रक रत्न सुवेदीका अनुसार स्रोत सुनिश्चितताम ढिलाइ, अख्तियारी ढिलो पुग्नु, ठेक्का प्रक्रियामा हुने ढिलासुस्ती तथा प्राविधिक कर्मचारी अभावका कारण विकास खर्च प्रभावित हुँदै आएको छ ।

उनका अनुसार वर्षेनि विकास बजेटभन्दा तलब, भत्ता, इन्धन, मर्मतलगायत चालुतर्फको खर्च बढी हुने प्रवृत्ति कायम छ ।

सरकारका प्रवक्ता एवम् भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाहले जेनजी आन्दोलनका कारण झण्डै दुई महिना प्रदेश सरकारको कामकाज प्रभावित भएको बताए ।

आन्दोलनपछि बनेको अन्तरिम सरकारसँग केही महिना समन्वय हुन नसक्नु, त्यसलगत्तै चाडपर्व र प्रतिनिधिसभा निर्वाचनका कारण पनि बजेट कार्यान्वयनमा असर परेको उनको भनाइ छ । उनले आन्दोलनका कारण कर्मचारीको मनोबल कमजोर हुँदा पनि विकास आयोजनामा प्रभाव परेको बताए ।

तर अर्थ जानकारहरु भने समस्या सरकारको कार्यशैलीमै रहेको बताउँछन् अर्थशास्त्रका अध्यापक सुरेन्द्रकुमार तिमल्सेनाका अनुसार सुनिश्चित भइसकेका आयोजनामा पर्याप्त बजेट विनियोजन नगरी नयाँ आयोजना थप्ने प्रवृत्तिले बजेट कार्यान्वयन प्रभावित भएको हो । वार्षिक कार्यक्रमअनुसार समयमै कार्यविधि, निर्देशिका र मापदण्ड तयार नहुँदा पनि ठूलो रकम खर्च हुन नसकेको उनको भनाइ छ ।

'पहिलो कुरा बजेट कुन क्षेत्रमा छुट्याउने भन्ने सुनिश्चित हुनुपर्छ,' उनले भने, 'अहिलेको अवस्था हेर्दा बजेट अनुत्पादक क्षेत्रमा धेरै केन्द्रित भएको देखिन्छ । त्यसले गर्दा पनि कार्यान्वयन प्रभावकारी हुन सकेको छैन ।' उत्पादनमुखी योजना बनाएर त्यसको नियमित अनुगमन गर्न सके मात्रै बजेट खर्च र त्यसको प्रतिफल दुवैमा सुधार आउने उनको सुझाव छ ।

'बजेट खर्च गर्न सक्ने क्षमता नै कमजोर छ । अर्को, आवश्यकताभन्दा पनि हचुवाका भरमा बजेट निर्माण गर्ने प्रवृत्तिले पनि खर्च प्रभावित भएको हो,' उनले भने, 'योजना छनोटदेखि कार्यान्वयनसम्मको प्रक्रिया सुधार नगरेसम्म हरेक वर्ष कारण मात्रै फेरिन्छन्, बजेट खर्चको अवस्था फेरिने देखिँदैन ।'

प्रदेश सरकारले चालु आर्थिक वर्षमा पनि बजेटको ठूलो हिस्सा खर्च गर्न नसकेसँगै प्रदेश स्थापना भएको करिब एक दशक पुग्न लाग्दा पनि कर्णालीको बजेट कार्यान्वयन क्षमता अपेक्षाअनुसार सुधार हुन नसकेको तथ्यांकले देखाएको छ ।

दश लाखको नयाँ शौचालय महिना दिनमै पहिरोमा पुरियो



काँक्रेविहार संवाददाता

रूकुमपश्चिम, ११ साउन

सानीभेरी गाउँपालिकाका दुई विद्यालयका शौचालयमा लगातारको वर्षासँगै गएको पहिरोले क्षति पुऱ्याएको छ।

पहिरोका कारण हालै निर्माण गरिएका शौचालय प्रयोग गर्न नसकिने अवस्थामा पुगेपछि विद्यार्थी तथा शिक्षक-कर्मचारीलाई दैनिक रूपमा समस्या भोग्नुपरेको छ।

सानीभेरी गाउँपालिका ११ स्थित जनकल्याण माध्यमिक विद्यालयको पछाडिबाट आएको पहिरोले नयाँ निर्माण गरिएको तीन कोठे पक्की शौचालयमा क्षति पुऱ्याएको विद्यालयका प्रधानाध्यापक धनसिंह खड्काले जानकारी दिए। उनका अनुसार लगातारको वर्षाका कारण विद्यालयमाथिबाट आएको पहिरोले शौचालयको संरचनामा असर पुगेको हो।

उक्त शौचालय सानीभेरी गाउँपालिका र सुस्वा परियोजनाको साझेदारीमा करिब १० लाख रुपैयाँको लागतमा गत असार महिनामा निर्माण गरिएको थियो नयाँ शौचालय सञ्चालनमा आएपछि विद्यार्थी र शिक्षकलाई सहज हुने अपेक्षा गरिएको भए पनि पहिरोका कारण त्यसको प्रयोग प्रभावित भएको छ।

यसअघि २०८० सालको जाजरकोट केन्द्रबिन्दु भएको भूकम्पले विद्यालयको पुरानो शौचालय पूर्ण रूपमा भत्काएको थियो। त्यसपछि शिक्षक र विद्यार्थीको सक्रियतामा अस्थायी रूपमा एक कोठे कच्ची शौचालय निर्माण गरेर प्रयोग गरिँदै आएको थियो।

विद्यालयमा अध्ययनरत दुई सय ९५ जना विद्यार्थी तथा १३ जना शिक्षक-कर्मचारीलाई एउटै अस्थायी शौचालयले पर्याप्त सेवा दिन नसक्दा निकै असहज अवस्था सिर्जना भएको थियो। त्यस समस्यालाई समाधान गर्न हालै नयाँ शौचालय निर्माण गरिएको भए पनि पहिरोले फेरि समस्या थपिएको छ। यस्तै, सानीभेरी गाउँपालिका पाँच स्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, घापागारको दुई कोठे शौचालय पनि वर्षासँगै आएको पहिरोका कारण क्षतिग्रस्त भएको छ।

पहिरोले शौचालयको संरचनामा असर पुऱ्याएपछि यसको प्रयोगमा कठिनाइ भएको विद्यालय स्रोतले जनाएको छ।

स्थानीयवासी तथा विद्यालय प्रशासनले वर्षायाममा विद्यालय क्षेत्र उच्च जोखिममा पर्ने भएकाले पहिरो नियन्त्रणका लागि तत्काल आवश्यक संरक्षणका काम अघि बढाउन सम्बन्धित निकायसँग माग गरेका छन्।

उनीहरूले क्षतिग्रस्त शौचालयको शीघ्र मर्मत तथा पुनःनिर्माण गरी विद्यार्थी र शिक्षकका लागि सुरक्षित तथा सहज शौचालयको व्यवस्था गर्न आग्रह गरेका छन्।

भासिएको पुल तर्न बाध्य स्थानीय



काँक्रेविहार संवाददाता

सल्यन, ११ साउन

सल्यान र जाजरकोटलाई जोड्ने भेरी नदीमाथिको झोलुङ्गे पुल भासिएको करिब पाँच वर्ष बितिसक्दा पनि मर्मत वा पुनर्निर्माण हुन नसक्दा स्थानीय बासिन्दा दैनिक ज्यान जोखिममा राखेर आवतजावत गर्न बाध्य भएका छन्। पुलको जीर्ण अवस्थाले स्थानीयको दैनिकी, शिक्षा, स्वास्थ्य र व्यापारसमेत प्रभावित बनेको छ। बर्खायाममा आएको भीषण बाढीले पुलको पिल्लरसहित मुख्य भाग भासिएपछि पुलको बीच भाग नदीमाथि झुन्डिएको अवस्थामा छ।

जोखिमपूर्ण भए पनि वैकल्पिक बाटो वा अर्को पुल नहुँदा स्थानीयले यही पुल प्रयोग गर्नुपर्ने बाध्यता रहेको छ।

वनगाढ कुपिन्डे नगरपालिका दुई का वडाध्यक्ष मानबहादुर खत्रीका अनुसार बाउनडाँडा, पारिल्ला, चैते, कुरिल्लेलगायत तीन वडाका विभिन्न बस्तीका नागरिक यही पुल भएर दैनिक ओहोरदोहोर गर्छन्। उनले अर्को विकल्प नहुँदा दैनिक आठदेखि १० जना विद्यार्थीसमेत पढाइका लागि यही पुल तरेर सुर्खेततर्फ जाने गरेको बताए।

२०७२ सालमा एक गैरसरकारी संस्थाको सहयोगमा निर्माण गरिएको एक सय ५७ मिटर लामो उक्त झोलुङ्गे पुलले वर्षौंसम्म सल्यान र जाजरकोटका दुर्गम बस्तीलाई जोड्ने प्रमुख माध्यमको रूपमा सेवा दिएको थियो।

पुल सञ्चालनमा आएपछि स्थानीयको आवतजावत, कृषि उपजको बजारीकरण, शिक्षा तथा स्वास्थ्य सेवामा पहुँच निकै सहज बनेको थियो। स्थानीयका अनुसार अहिले पुलको बीच भागमा पुग्नेबित्तिकै तल उर्लिएको भेरी नदी देख्दा डरले खुट्टा नै काँप्ने अवस्था छ।

भारी बोकेर हिँड्न त परै जाओस्, वर्षायाममा नदीको बहाव बढेका बेला पुल प्रयोग गर्नु नै जोखिमपूर्ण हुने गरेको उनीहरू बताउँछन्।

बिरामी, बालबालिका र ज्येष्ठ नागरिकलाई पुल वारपार गराउनु मृत्युको मुखमा धकेलेजस्तै हुने स्थानीयको गुनासो छ। यसैगरी गाउँमा उत्पादन हुने तरकारी, अन्नबाली तथा खसीबोका जाजरकोटको छेडाबजार लगायतका बजारसम्म पुऱ्याउन किसानले ठूलो सास्ती खेपिरहेका छन्।

पुलको अवस्था सुधार गर्न स्थानीयले पटक-पटक सम्बन्धित निकायमा मर्मत तथा पुनर्निर्माणको माग गरे पनि हालसम्म कुनै पहल नभएको वडाध्यक्ष खत्रीले बताए। उनका अनुसार स्थानीयको भेला र निर्णयसहित पालिका, प्रदेश र संघीय सरकारसम्म मागपत्र पठाइए पनि कुनै निकायले चासो दिएको छैन।

सल्यान र जाजरकोट जोड्ने महत्वपूर्ण पूर्वाधार वर्षौंदेखि अलपत्र पर्दा स्थानीयमा निराशा मात्र होइन, सरकारी निकायप्रति असन्तुष्टि पनि बढ्दै गएको छ। कुनै पनि बेला ठूलो मानवीय दुर्घटना हुन सक्ने जोखिम रहेकाले पुलको तत्काल मर्मत वा नयाँ पुल निर्माण गर्न स्थानीयले सम्बन्धित निकायसँग पुनः आग्रह गरेका छन्।

आधुनिक गुम्बा निर्माण, धार्मिक परम्पराको संरक्षणमा टेवा

काँक्रेविहार संवाददाता

हुम्ला, ११ साउन

हिमाली जिल्ला हुम्लाको नाम्खा गाउँपालिका तिन स्थित झुला गाउँमा बौद्ध धर्मावलम्बी समुदायको धार्मिक आस्था, संस्कार र परम्परालाई संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले आधुनिक गुम्बा निर्माण गरिएको छ। गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को बजेटमार्फत निर्माण गरिएको गुम्बाले अब तीनवटा बस्तीका स्थानीयलाई सामूहिक रूपमा पूजा-आराधना, धार्मिक अनुष्ठान तथा सांस्कृतिक गतिविधि सञ्चालन गर्न सहज हुने भएको छ। कर्णालीका हिमाली भेग, विशेषगरी हुम्ला, मुगु र डोल्पामा बौद्ध धर्मसँग जोडिएका गुम्बाहरू धार्मिक आस्थाका केन्द्र मात्र नभई स्थानीय संस्कृति, परम्परा र सामाजिक एकताको आधारका रूपमा परिचित छन्। यही आवश्यकतालाई मध्यनजर गर्दै नाम्खा गाउँपालिकाले झुला गाउँमा नयाँ गुम्बा निर्माणको योजना अघि बढाएको हो।

नाम्खा गाउँपालिकाका सब-इन्जिनियर समिर लामाका अनुसार झुला बस्तीमा हालसम्म सामूहिक रूपमा पूजा-पाठ गर्न उपयुक्त गुम्बा नहुँदा स्थानीयले कठिनाइ भोग्दै आएका थिए।

बौद्ध धर्मावलम्बीका लागि अत्यावश्यक धार्मिक संरचना अभाव भएपछि गाउँपालिकाले आधुनिक सुविधासहितको गुम्बा निर्माण गरेको उनले बताए। उक्त गुम्बाबाट खगालगाउँ, गुम्बा र लामा खोल्सी गरी तीन बस्तीका करिब एक सय २० घरधुरी लाभान्वित हुनेछन्। ती बस्तीका धेरैजसो ज्येष्ठ नागरिक धार्मिक अनुष्ठानका लागि झुला गाउँमा बसोबास गर्दै आए पनि सामूहिक पूजा सञ्चालन गर्न उपयुक्त संरचना नहुँदा समस्या हुने गरेको थियो।

गाउँपालिकाले अघिल्लो आर्थिक वर्षमै एक करोड एक लाख रुपैयाँ बजेट विनियोजन गरी सार्वजनिक खरिद प्रक्रियामार्फत गुम्बा निर्माणको काम अघि बढाएको थियो। हाल अधिकांश निर्माण कार्य सम्पन्न भइसकेको छ भने केही सामान्य संरचनागत काम मात्र बाँकी रहेको गाउँपालिकाले जनाएको छ।

सुरुआतमा सामुदायिक भवनका रूपमा योजना स्वीकृत गरिएको उक्त संरचनालाई अहिले औपचारिक रूपमा गुम्बाका रूपमा दर्ता तथा व्यवस्थापन गर्ने प्रक्रिया अघि बढाइएको छ।

सिँजामा बेलिब्रिज सञ्चालनमा



काँक्रेविहार संवाददाता

जुम्ला, ११ साउन

जिल्लाको सिँजा गाउँपालिका र नाम्म-गमगढी राजमार्ग जोड्ने हिमा नदीमाथिको बेलिब्रिज निर्माण सम्पन्न भएसँगै चार वर्षदेखि भोग्दै आएको आवतजावतको समस्या अन्त्य भएको छ।

पुल सञ्चालनमा आएपछि स्थानीयवासी, विद्यार्थी, बिरामी तथा दैनिक उपभोग्य सामग्री ढुवानीमा सहजता आएको छ।

सिँजा गाउँपालिकाको आर्थिक लगानी तथा सङ्घीय सरकारको समपूरक बजेटमा हिमा नदीको कोटेसाँघुमा निर्माण गरिएको पक्की बेलिब्रिज सञ्चालनमा आएको गाउँपालिका अध्यक्ष पूर्णप्रसाद धितालले जानकारी दिए।

उनका अनुसार गाउँपालिकाको केन्द्रलाई नाम्म देखी गमगढी राजमार्गसँग प्रत्यक्ष जोड्ने यो पुल स्थानीयका लागि महत्वपूर्ण पूर्वाधारका रूपमा रहेको छ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत टेकबहादुर शाहीले छोटो समयमै पुल निर्माण सम्पन्न गरिएको बताउँदै यसले गाउँपालिकाको विकास र यातायात पहुँचमा ठूलो परिवर्तन ल्याउने विश्वास व्यक्त गरे।

उनका अनुसार गाउँपालिकाले कोटेसाँघु र रनुखाना गरी दुई स्थानमा पुल निर्माणको योजना अघि बढाएको छ। कोटेसाँघुको पुल निर्माण सम्पन्न भइसकेको छ भने रनुखानाबाट राजमार्ग जोड्ने पुलका लागि आवश्यक निर्माण सामग्री ल्याउने काम भइरहेको छ। यी दुवै पुल निर्माणका लागि करिब साढे छ करोड रुपैयाँ बजेट विनियोजन गरिएको थियो भने गत वर्ष साउन महिनामै ठेक्का सम्झौता गरिएको थियो।

निर्माणको जिम्मा पाएको रिडार्क-रवि चक्र जेभी, ललितपुरका सञ्चालक हेमराज शाहीले निर्धारित समयमै कोटेसाँघु पुल निर्माण सम्पन्न गरिएको बताए। २०७९ सालमा आएको बाढीले पुरानो पुल बगाएपछि स्थानीयले चार वर्षसम्म सास्ती खेप्नुपरेको थियो। पुल नहुँदा सिँजा गाउँपालिका दुईका बासिन्दाले नाम्म-गमगढी राजमार्ग पुग्न आचार्यलिही हुँदै लामो घुमाउरो बाटो प्रयोग गर्नुपर्ने बाध्यता थियो।

वडा नम्बर दुईका अध्यक्ष तीर्थ वडका अनुसार नयाँ पुल सञ्चालनमा आएपछि स्थानीयको यात्रा छोटिएको छ भने गाउँपालिका र राजमार्गबीचको सम्पर्क पनि सहज बनेको छ। स्थानीयले पुल निर्माणसँगै शिक्षा, स्वास्थ्य, कृषि उत्पादन ढुवानी तथा दैनिक आवतजावतमा उल्लेखनीय राहत पुगेको बताएका छन्।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

ग्रामीण अस्पताल सुदृढीकरणका लागि पाँचवर्षे योजना



❐ काँक्रेविहार संवाददाता

सुर्खेत, ११ साउन

कर्णाली प्रदेश सरकारले स्वास्थ्य सेवा प्रभावकारी बनाउन अब पूर्वाधारसँगै जनशक्ति व्यवस्थापनलाई प्राथमिकतामा राखेको छ।

ग्रामीण तथा दुर्गम क्षेत्रमा चिकित्सक र स्वास्थ्यकर्मीको अभाव हटाउने उद्देश्यसहित प्रदेश सरकारले ग्रामीण स्वास्थ्य प्रणाली सुदृढीकरण परियोजना कार्यान्वयनमा ल्याएको हो।

सामाजिक विकास मन्त्रालय र निक साइमन्स इन्स्टिच्युटबीच पाँच वर्षे परियोजनासम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ।

मन्त्रालयका प्रवक्ता एवं वरिष्ठ जनस्वास्थ्य प्रशासक वृषबहादुर शाहीका अनुसार रणनीतिक अस्पतालहरूमा चिकित्सकसहित विभिन्न तहका पाँच जना स्वास्थ्यकर्मी व्यवस्थापन गरिनेछ।

पहिलो चरणमा हुम्ला जिल्ला अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र सालकोट (सुर्खेत), दुल्लू अस्पताल (दैलेख), आठबिसकोट नगर अस्पताल (रुकुम पश्चिम) र रास्कोट अस्पताल (कालीकोट)मा कार्यक्रम सञ्चालन हुनेछ।

प्रदेशभर सात सयभन्दा बढी स्वास्थ्य संस्था भए पनि आवश्यक जनशक्तिको अभाव कायमै छ। हाल स्थायी दरबन्दीमा तिन सय सात जना स्वास्थ्यकर्मी कार्यरत छन् भने १० जिल्लामा स्थायी चिकित्सकको संख्या १४ जना मात्र रहेको प्रदेश स्वास्थ्य सेवा निर्देशनालयले जनाएको छ।

अधिकांश जिल्ला तथा स्थानीय तहका अस्पताल करार सेवाका चिकित्सकको भरमा सञ्चालन भइरहेका छन् भने केही अस्पतालमा मेडिकल अधिकृतसमेत छैनन्। निर्देशनालयका निमित्त निर्देशक डा. रविन खड्काका अनुसार प्राविधिक जनशक्तिको अभावका कारण सेवा प्रवाहमा चुनौती थपिएको छ।

कतिपय स्वास्थ्य संस्थामा आधुनिक उपकरण भए पनि दक्ष जनशक्ति नहुँदा पूर्ण रूपमा सञ्चालन हुन सकेका छैनन्। यता कर्णाली प्रदेश अस्पताल सुर्खेतमा दैनिक दुई हजारभन्दा बढी बिरामीले सेवा लिने गरे पनि जनशक्ति अभावका कारण सेवा विस्तार प्रभावित भएको छ।

अस्पतालमा करिब ५० जना चिकित्सक, विशेषज्ञ, नर्स तथा प्राविधिक जनशक्ति अपुग रहेको छ। १४ विशेषज्ञ चिकित्सकको दरबन्दीमध्ये स्थायी रूपमा एक जना मात्र कार्यरत छन्।

प्रदेश सरकारले नयाँ परियोजनामार्फत दुर्गम क्षेत्रमा स्वास्थ्यकर्मी टिकाउने, तालिम प्रदान गर्ने तथा विशेष सुविधा उपलब्ध गराउने नीति लिएको छ। यसबाट ग्रामीण क्षेत्रका नागरिकले गुणस्तरीय स्वास्थ्य सेवा सहज रूपमा पाउने अपेक्षा गरिएको छ।

एक वर्षमा ७८ प्रतिशत मुद्दा फछ्यौंट

❐ काँक्रेविहार संवाददाता

मुगु, ११ साउन

जिल्ला अदालतले आर्थिक वर्ष २०८२/८३ मा दर्ता भएका तथा अघिल्लो वर्षबाट जिम्मेवारी सरेर आएका मुद्दामध्ये ७८ प्रतिशत मुद्दा फर्स्यौट गरेको छ।

भौगोलिक विकटता, सीमित जनशक्ति र सूचना-प्रविधिको पहुँच कमजोर हुँदाहुँदै पनि अदालतले अधिकांश मुद्दाको टुंगो लगाएको हो।

जिल्ला अदालत मुगुका तहसिलदार प्रेमराज खनियाका अनुसार आर्थिक वर्षभर अदालतमा कुल एक सय पाँच वटा मुद्दा दर्ता भएका थिए। तीमध्ये असार मसान्तसम्म ८२ वटा मुद्दा फर्स्यौट गरिएको छ भने २३ वटा मुद्दा फैसला हुन बाँकी रहेका छन्।



अदालतको तथ्यांकअनुसार सबैभन्दा धेरै सम्बन्ध विच्छेदका २९ वटा मुद्दा दर्ता भएका छन्। त्यसपछि जबरजस्ती करणीका २८, बैंकिङ कसुरका नौ अभद्र व्यवहारका आठ लागुऔषध सम्बन्धी दुई बहुविवाहको एक र घरेलु हिंसासम्बन्धी एक मुद्दा दर्ता भएका छन्।

तहसिलदार खनियाले अघिल्लो आर्थिक वर्षबाट केही मुद्दा जिम्मेवारी सरेर आएकाले बाँकी मुद्दाको संख्या बढी देखिए पनि चालु आर्थिक वर्षको कार्तिक महिनाभित्र सबै बाँकी मुद्दा फर्स्यौट गर्ने गरी काम भइरहेको जानकारी दिए।

उनका अनुसार मुगुजस्तो दुर्गम जिल्लामा म्याद तामेली, सञ्चारको सीमित पहुँच, विद्युत् आपूर्तिमा समस्या तथा सूचना प्रविधिको नियमित सेवा नहुँदा न्याय सम्पादनमा चुनौती रहे पनि अदालतले प्रभावकारी रूपमा काम गरिरहेको छ।

आर्थिक वर्ष २०८२/८३ मा जिल्ला अदालतको वैतनिक वकिल शाखाले जबरजस्ती करणी, कर्तव्य ज्यान मार्ने उद्योग, बहुविवाह र लागुऔषधसम्बन्धी गरी चार वटा मुद्दामा दर्तादेखि बहससम्म सहजीकरण गरेको तहसिलदार खनियाले बताए। यस्तै, जिल्ला कानुनी सहायता समिति मुगुले सोही अवधिमा ५० जनालाई निःशुल्क कानुनी परामर्श उपलब्ध गराएको छ।

समितिका वकिल प्रशान्त शाहीका अनुसार समितिमार्फत १० वटा मुद्दामा कानुनी सहजीकरण गरिएकोमा सात वटा मुद्दा फर्स्यौट भइसकेका छन्।

अदालतका अनुसार मुगुमा पछिल्ला वर्षहरूमा सम्बन्धविच्छेदका मुद्दा बढ्दो क्रममा देखिएका छन्। न्यायिक सेवामा पहुँच विस्तार, कानुनी सचेतना र निःशुल्क कानुनी सहायताले सेवाग्राहीलाई राहत पुगेको अदालतको भनाइ छ।

उद्योग खारेजी सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय मुगमा म/हामी श्री केशबहादुर थापा धनि रहेको, दर्ता नम्बर १४७८/०७८/०७९ बाट छाँयानाथ रारा-२ मुगुमा संचालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री पाहुना होटल नामको प्राइभेट / साझेदारी उद्योग मेरा/हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसंग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय मुगु समक्ष लिखित रुपमा दाबी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

उद्योग खारेजी सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय मुगमा म/हामी श्री बिर बहादुर बुढा धनि रहेको, दर्ता नम्बर १४७१/०७८/०७९ बाट छाँयानाथ रारा-२ मुगुमा संचालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री कनका सुन्दरी होटल नामको प्राइभेट / साझेदारी उद्योग मेरा/हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसंग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय मुगु समक्ष लिखित रुपमा दाबी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

बाढी/पहिरोबाट सचेत होऔं

बाढी/पहिरो आउनुअघि:

- स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
- खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
- घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
- आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगालगायत) तयार राखौं,
- जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा प्राथमिकता दिऔं।

बाढी/पहिरो आएमा:

- अनावश्यक हिंडडुल नगरौं,
- सुरक्षित स्थानतर्फ जाऔं,
- विजुलीका तार तथा खम्बाबाट टाढा रहौं,
- खोलानाला सुरक्षित तवरले तरौं,
- अफवाह नफैलाऔं, सत्य सूचनामात्र आदान-प्रदान गरौं,
- घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं

नेपाल सरकार

विज्ञापन बोर्ड



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)